पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ३ पोखरा खण्ड : ४१ प्रमाणित मिति २०७६ माघ १० गते

## भाग १

### पोखरा महानगरपालिका

### न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ पहिलो संशोधन

## महानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ पहिलो संशोधन

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| महानगरपालिका न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन, २०७४ | न्यायिक समिति ऐन, २०७४ | ऐनमा कार्यविधि सम्बन्धी व्यवस्था लेख्न आवश्यक नभएकोले |
| प्रस्तावनामा किनारा शब्द रहेका | निरुपण | ऐनमा निरुपण भन्ने शब्द रहेको |
| प्रस्तावनामा... कायम गरी भन्ने शब्दहरु पछि थप गर्ने | शीघ्र एवं छिटोछरितो न्याय प्रदान गर्दै | सो शब्दहरु उल्लेख नभएको |
| प्रस्तावनामा ... संघिय कानूनमा | कानुनका अतिरिक्त | भाषिक अष्पटता भएकोले |
| प्रस्तावनामा .... बाहेक भन्ने शब्द | हटाउने | आवश्यक नभएको |
| १ (क) प्रस्तु विधयेक महानगर सभाबाट पारित भएपछि लागु हुनेछ । | यो ऐन तुरुन्त लागु हुनेछ | अन्य ऐन संगको भाषिक व्यवस्था मिलान गर्नुपर्ने भएकाले |
| २ परिभाषा खण्डमा थप गर्नुपर्ने र शिलशिला मिलानउ पर्ने शब्दहरु दफा (२) को खण्ड ख पछि देहायका शब्दहरु समावेश गर्ने<br>“वादी”<br>“प्रतिवादी” | शिलशिला मिलाउनु पर्ने<br>पहिलो पक्ष<br>दोश्रो पक्ष | शिलशिला नमिलेको र समसामयिक सुधार गर्नुपर्ने भएकोले |

| | | |
|---|---|---|
| "समिति" भन्नाले महानगरपालिको न्यायिक समिति सम्झनु पदर्छ । | न्यायिक समिति | नभएकोले राख्नु पर्ने |
| "संयोजक" भन्नाले महानगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ । | संयोजक | नभएकोले राख्नु पर्ने |
| "सदस्य"भन्नाले महानगरपालिकाको न्यायिक समितिको सदस्य सम्झनु पर्दछ । | सदस्य | नभएकोले राख्नु पर्ने |
| "मेलमिलाप के न्द्र" भन्नाले महानगरपालिकामा रेहेको मेलमिलाप केन्द्र र वडा मेलमिलाप केन्द्र समेतलाई सम्झनु पर्दछ । | मेलमिलाप केन्द्र | नभएकोले राख्नु पर्ने |
| न्यायिक समिति ऐन | न्यायिक समिति कार्यविधि ऐन २०७४ | किटानी व्यवस्था नभएकाले |
| "मेलमिलापकर्ता" भन्नाले पोखरा महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ता सम्झनु पर्दछ | मेलमिलापकर्ता भन्नाले पोखरा महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ता सम्झनु पर्दछ । | हालको ऐनमा सो व्यवस्था नभएकाले थप गर्नु पर्ने । |

| | | |
|---|---|---|
| "निरुपण" भन्नाले न्यायिक समितिले गरेको निर्णय समेतलाई सम्झनु पर्छ<br>दफा २ को खण्ड (र) "उजुरी प्रशासक" भन्नाले न्यायिक समितिको कार्य गर्न तोकिएको प्रशासनिक अधिकारीलाई जनाउँदछ । | "निरुपण" भन्नाले न्यायिक समितिले गरेको निर्णय समेतलाई सम्झनु पर्छ<br>दफा २ को खण्ड (र) "उजुरी प्रशासक" भन्नाले पछि देहायको वाक्य थप गर्नेः-<br>न्यायिक समितिमा दर्ता हुने उजुरी जाँचबुझ तथा दर्ता र दफा ३४ बमोजिम कार्य गर्ने अधिकारीलाई जनाउँछ । | स्थानीय सरकार संचालन ऐेन २०७४ मा निरुपण शब्द उल्लेख गरिएको हुँदा राख्नु पर्ने भएकोले<br><br>हाल भै रहेको ऐनमा सो व्यवस्था नभएकोले |
| दफा ३ मा भएको व्यवस्थालाई दफा ३ को उपदफा (१) कायम गरी देहायको व्यवस्था उपदफा<br>(२) थप गर्ने :<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१), (२) बमोजिमको अधिकार | उपदफा (२) थप गर्ने :<br>स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१), (२) वमोजिमको अधिकार | हाल भै रहेको ऐनमा सो व्यवस्था नभएकोले |
| परिच्छेद दुई क्रम मिलाउनु पर्ने<br>३ उजुरीमा निर्णय सम्बन्धी काम<br>४ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>५ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने<br>६ समितिले हेर्ने<br>७ समितिको क्षेत्राधिकार | शिलशिला मिलाउनु पर्ने<br>३ समितिले हेर्ने<br>४ समितिको क्षेत्राधिकार<br>५ उजुरीमा निर्णय सम्बन्धी काम<br>६ निर्णय सम्बन्धी बाहेक अन्य काम<br>७ यस ऐन बमोजिम कार्यविधि अवलम्बन गर्नुपर्ने | शिलशिला नमिलेकोले |

| | | |
|---|---|---|
| परिच्छेद ३<br>दफा ८ उजुरी दर्ता गर्ने:-<br>(१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्ति/संस्था/समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्न सक्नेछ। | परिच्छेद ३<br>दफा ८ उजुरी जाँचबुझ र दर्ता गर्ने:-<br>(१) कसै उपर विवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानुन बमोमिजम हकदैया पुगेको व्यक्तिले उजुरी प्रशासक समक्ष उजुरी दर्ता गर्न सक्नेछ। | उजुरी “जाँच” भन्ने शव्द थप गरी सुधार गर्नुपर्ने भएकाले |
| दफा ९ को “निसा” | दफा ९ को “निसा” भन्ने शब्दको सट्टा “निस्सा” शब्द राख्ने | भाषिक त्रुटि भएकाले |
| दफा १७ को “लिखतमा” | दफा १७ को “लिखतमा” भन्ने शब्दको सट्टा “उजुरीमा” शब्द राख्ने | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने भएकोले |
| दफा ३५ को “प्रमाण सुनाउन सक्ने” | दफा ३५ को “प्रमाण सुनाउन” भन्ने शब्दको सट्टा “प्रमाण सुनाई बयान गराउने” शब्द राख्ने | किटानी व्यवस्था गनुपर्ने भएकोले |
| परिच्छेद ६ पछि रहेको “निर्णय र अन्य आदेश” | परिच्छेद ६ पछि रहेको “निर्णय र अन्य आदेश” भन्ने शब्दको सट्टा “निर्णय, निरुपण र अन्य आदेश” शब्द राख्ने | ऐनमा भएको भाषालाई समायोजन गर्नुपर्ने भएकोले |
| दफा ७१ को “मेलमिलाप दस्तुर” “...कम्तिमा रु ३०००/-” | दफा ७१ को “मेलमिलाप दस्तुर” भन्ने शब्दको सट्टा “मेलमिलाप प्रोत्साहन रकम” भन्ने शब्द राख्ने<br>“... बढीमा रु ३०००/-” | सुधार गर्नुपर्ने भएकोले |

| | | |
|---|---|---|
| दफ ७१ (क), (ख), (ग) खण्ड राख्नुपर्ने | (ख) न्यायिक समितिले विवादको निरुपण गर्दा मेलमिलापकर्तालाई सो कार्य सम्पन्न गरे वापत प्रोत्साहन स्वरुप प्रति मेलमिलाप वापत बढीमा रु एक हजार सम्म प्रोत्साहन स्वरुप प्रदान गर्न सक्नेछ ।<br>(ग) मेलमिलापकर्तालाई बढीमा तिन बसाई (presetting) सम्मका लागि रु पाँच सयका दरले प्रोत्साहन रकम दिइनेछ । त्यस्तै वडा मेलमिलाप केन्द्र मार्फत मेलमिलाप भएका विवादमा समेत यसै बमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ । | साविकमा नभएकोले राख्नुपर्ने भएको हुँदा मेलमिलापकर्तालाई प्रोत्साहन गर्नुपर्ने भएकोले |
| दफा ९३ नियम बनाउने अधिकार | दफा ९३ मा रहेको “नियम” भन्ने शब्दको पछि कार्यविधि भन्ने शब्द थप गर्ने | कार्यविधि थप गर्नुपर्ने भएकोले |

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**